www.musickhabar.com

# म्यूजिक खबर

Musickhabar Bi-Monthly Newspaper

पाक्षिक

वर्ष १, अंक १, २०७३ आश्विन १५ देखि ३० सम्म रु.१५।-




# प्रतिष्ठानमा बद्रीको नेतृत्व

## लोक दोहोरीको विकृतिविरुद्ध अभियान चाल्ने निर्णय

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको छैठौं महाधिवेशनबाट गायक बद्री पंगेनीको नेतृत्वमा ३७ सदस्यीय कार्यसमिति चयन भएको छ । प्रतिष्ठानको छैठौं अध्यक्षका पदभार ग्रहण गर्दै पंगेनीले पहिलो बैठकबाटै लोकदोहोरीमा देखिएको फोहोरी खेलविरूद्ध अभियान चाल्नुपर्ने र सर्वप्रथम कार्यसमितिकै सदस्यबाट यो अभियानलाई अगाडि लैजाने बताएपछि दोहोरीको क्षेत्रमा चर्चा परिचर्चा चल्न थालेको छ । कार्यसमितिमा रहेका पार्वती राई, शंकर बिसी लगायतले भिडियोलाई मौलिकतासहित पस्कनुपर्ने प्रतिबद्धता जनाएपछि शिव हमाल, विनोद बाजुरालीले पनि समाजलाई आँच आउने शब्द नलेख्ने र संगीत संयोजन नगर्ने जस्ता प्रतिबद्धता जनाए । गायक गायिकाहरूले पनि त्यस्ता गीतहरू नगाउने प्रतिबद्धता जनाएपछि पहिलो बैठकले चालेको अभियान पूर्ण सफल हुनेमा अध्यक्ष पंगेनीले दाबी गरेका छन् ।

त्यसो त छैठौं महाधिवेशन सफल पार्नका लागि महत्वपूर्ण भूमिका खेलेकोमा मूल आयोजक कमिटिका संयोजक चन्द्र शर्मा र सहसंयोजक प्रतिष्ठानका उपत्यका समन्वय समितिका अध्यक्ष पिएन सापकोटाको चर्चा चुलियो । सबैले सम्मानजनक तारिफ गर्दै गर्दा कार्यभार हस्तान्तरण गर्दै गरेका अध्यक्ष शर्माको कार्यकाल सफल रहेको पूर्व अध्यक्ष एवं सल्लाहकार हरूको प्रशंसाले स्पष्ट भयो । प्रतिष्ठानकै निर्वाचन र यसका भावी दिनका चुनौतिका विषयमा तयार पारिएको रिपोर्ट :

विस्तृत ४ पेजमा





## यस भित्र

विन्ध्यवासिनीले १५ लाखमा किन्यो **दर्शन नमस्ते**



२

संगीतको सागरमा आनन्दित जीवन बाँचिरहेको छु



९

मादलले धानेको जिन्दगी



११

## हार्दिक बधाई एवं शुभकामना



शिव हमाल | देवी घर्ती | मुना थापा | पार्वती राई | राजु ढकाल | राजन ठकुरी



रमेशराज भट्टराई | ईवरी प्र. भुसाल | पूर्णकला बिसी | जानकी तारमी मगर | सन्तोष आले | हरि डाँगी

नेपाली लोक गीतसंगीतको छाता संगठन राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको केन्द्रीय समितिको छैठौं महाधिवेशनबाट गायक बद्री पंगेनीको नेतृत्वमा आएको नयाँ कार्यसमितिमा प्रतिष्ठानकै उपत्यका समन्वय समितिको प्रतिनिधित्व गर्नुहुने निर्वाचित पदाधिकारीहरुप्रति हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

साथै विजया दशमी २०७३ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

पी.एन. सापकोटा
अध्यक्ष
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल
उपत्यका समन्वय समिति, काठमाडौं

## अडियो रिलिज

### सीमाको सीमा-२




गायिका सीमा शाहको दोस्रो एल्बम सीमा-२ बजारमा आएको छ । सीमा- २ लाई बीएफबीएस गोर्खा रेडियोको स्वर्णीम स्वरहरू कार्यक्रमबाट प्रत्यक्ष रूपमा सार्वजनिक गरिएको थियो । एल्बमभित्र रहेको संगीतको समीक्षा गर्दै संगीतकार श्रेष्ठले गीतसंगीतको छनौटदेखि गायकीसम्म सबैमा फरक विशेषता रहेकै कारण एउटा उदाहरणीय एल्बमका रूपमा आफूले पाएको बताएका थिए ।

त्यस्तै कार्यक्रमका प्रमुख अतिथिका रूपमा रहेको रेडियोका स्टेशन म्यानेजर विनोध्वज खड्काले गायिका सीमा शाहको सीमा एल्बमभन्दा पनि सीमा २ पक्कै पनि राम्रो छ भन्दै गायिकाको सांगीतिक जीवन सुखमय र चर्चामय बनोस् भन्ने शुभकामना दिएका थिए । त्यस्तै एल्बमको गीततर्फको समीक्षा गर्दै गीतकार एवं पत्रकार सुमन बैरागीले गायिका सीमा शाह सबैभन्दा फरक गायिकाको रूपमा स्थापित हुन सफल हुनेमा विश्वास व्यक्त गरेका थिए । गीतकार एवं रेडियोका प्रस्तोता तुलसी बस्नेतद्वारा संचालित कार्यक्रम स्वर्णिम स्वरहरूमा गायिका सीमा शाहको सीमा २ सार्वजनिक गरिएको थियो । सार्वजनिकपछि गीतकार बस्नेतले गायिका सीमाको बारेमा चर्चापरिचर्चा गरेका थिए ।

एल्बममा ७ वटा गीत समावेश गरिएको छ । जसमा । फूल हुँ म डाली डाली, मेरो हर श्वासमा, कसमै तोडी जानेलाई, भुलुँ कसरी, किन जुधे आँखा भन्थेँ, अल्झिँदा, अहिलेसम्म जस्ता गीतहरू समावेश गरिएका छन् । सन्तोष पोखेल, सारिका घिमिरे, समीर राई, शंकर श्रेष्ठ, लय संग्रौला, अशोक महर्जन, ललित कुँवरजस्ता सर्जकहरूको शब्द रहेको यस एल्बममा विकास थापा, शंकर श्रेष्ठ, अशोक महर्जन, राम थापा, रत्नबहादुर खड्गीको संगीत रहेको छ ।

### श्यामको मुर्चुङ्गा-२




गायक श्याम सामसोङ राईले आफ्नो दोस्रो गीतिसंग्रह मुर्चुङ्गा- २ सार्वजनिक गरेका छन् । गीतकार भूपाल राई, संगीतकार शान्तिराम राई, महेश खड्का संयुक्त रूपमा सार्वजनिक गरेका हुन् । लोक, आधुनिक र पप प्याटर्नलाई राम्रोसँग आत्मसात गर्दै आएका गायक राईले यस एल्बममा पनि ती कुराहरूलाई ध्यान दिएका छन् ।

४ वटा गीतहरू समावेश गरिएको यस एल्बममा विक्रम राईको शब्द संगीतमा पर्दाफास भो गीत रहेको छ भने गायक राईकै शब्द संगीतमा मायाको नाकाबन्दी र ठूली गीत रहेको छ । त्यस्तै गीतकार विपन किरणको शब्दमा महेश खड्काले संगीत दिएको सँगै बाँच्न बोलको गीत रहेको छ । कार्यक्रममा उनले पर्दाबास भो बोलको गीतको भिडियो पनि सार्वजनिक गरेका थिए ।

### निरूको परदेश




गीतकार निरू न्यौपानेको लोकदोहोरी गीतिसंग्रह 'परदेश' बजारमा आएको छ । प्रवासमा रहेर घरबासको सम्झनालाई भुलाउन गीतकार न्यौपानेले परदेशलाई रोजेकी हुन् जस्तो लाग्छ । परदेशीको जीवन र स्वदेशको चाडवाड आउँदाको क्षणलाई उनले गीतमा यथार्थ रूपमा पस्केकी छिन् । मरूभूमिबाट मातृभूमिमा फर्कन नपाउँदाको क्षण पक्कै पनि दुःखदायी हुन्छ भन्नेमा निरूका शब्दहरूले ओझपूर्ण अर्थ बोक्छ । गणेश चौलागाईंको लयमा विमल डाँगी र विमाकुमारी दूराले स्वर दिएको यस एल्बमलाई विन्ध्यावासिनी म्यूजिकले बजार प्रबर्द्धन गरेको छ ।

# विन्ध्यवासिनीले किन्यो दर्शन नमस्ते

## अहिलेसम्मकै महंगो एल्बमः राई




राई इज किङ' को उपाधी पाएका नेपाली गायन क्षेत्रका लोकप्रिय गायक राजेश पायल राईको एल्बम 'दर्शन नमस्ते-३' लाई विन्दवासिनी म्यूजिकले १५ लाखमा किनेको छ । गायक राईका माता पिताले सार्वजनिक गरेको एल्बम विन्धवासिनी म्युजिकले १५ लाख रूपैयाँमा किनेको हो । विन्धवासिनी म्यूजिकले कार्यक्रममा गायक राईलाई चेक हस्तान्तरण गरेको थियो ।

लोकार्पित 'दर्शन नमस्ते-३' मा जम्मा नौवटा गीत छन् । जसमा दर्शन नमस्ते, कुल्वी हिड, आई लभ यु, छैनौ त, आयो समिपै, कोही विना, लाटो रिस, कान्छाले र बाबै आराखा बोलका गीत छन् । एल्बममा महेश खड्का, हरी लम्साल, सन्तोष राज, विनोद खम्बु, राई नविन र इन्दिरा जोशीको संगीत रहेको छ भने, शब्दरचना महेश खड्का, रत्नशम्शेर थापा, डा. नवराज लम्साल, दिनेश अधिकारी, राम रेप्चुङ राई, नरेश भट्टराई र विनोद खम्बुको रहेको छ ।

त्यस्तै उनको कुल्वी हिड बोल गीतमा अभिनेता राजेश हमालले फिचरिङ दिएका छन् । यो गीत रत्नशम्शेरले २०१६ सालमै लखेको हुन् । कार्यक्रममा बोल्दै गीतकार रत्नशम्शेरले भने, 'यो मैले २०१६ सालतिरै लेखेको मुक्तक हो ।'

गायक राईले 'दर्शन नमस्ते-३' एल्बम नेपाली सांगतिक क्षेत्रमा अहिलेसम्मकै सर्वाधिक मंहगो एल्वम भएको बताएका छन् । विन्धवासिनी म्यूजिकले १५ लाख रूपैयाँ किनेको बताउँदै उनले नेपाली सांगतिक क्षेत्रमा यो ऐतिहासिक सूरूवात भएको बताए । उनले कार्यक्रममा 'दर्शन नमस्ते, कुल्वी हिँड, आयौ समिपै' बोलको तीन वटा गीत गाएर पनि सुनाएका थिए ।

गायक राईले चलचित्र, आधुनिक, पप, भोजपुरी, हिन्दी लगायतका विभिन्न भाषामा गीत गाइसकेको छन् । नेपाली संगितलाई विश्व बजारमा पुऱ्याइ रहेको विश्वका अधिकांश देशमा सांकृतिक कार्यक्रम पनि गरिसकेका छन् । उनी नेपाली चलचित्रको पार्श्व गायनदेखि आधुनिक र पप गीतमा समेत सफल मानिन्छ ।

२०४५ सालबाट संगीत यात्रा सुरू उनले यसअघि मुर्छना (२०५२), पूर्वमा रङ चढेछ (०५३), जष्ट फर यू (०५४), लभ लेटर (०५५), बैगुनी रैछौ मायालु, निगाह (०५६), जदौ (०५८), कामना (२०६१), जदौ-२ (०६३), दर्शन नमस्ते (०६५), राई ईज किङ (०६६), जदौ ३ (२०६८) लगायतका एल्वम सार्वजनिक भइसकेको छ ।

# कार्कीलाई फापेको "आमा"




'आमा' धर्ती हुन्, जननी हुन् । आमाबिनाको संसार कसैले पनि कल्पना गर्न सक्दैन । यो धर्तीमा पाइला टेक्ने अवसर आमाले नै दिएकी हुन् सबैलाई । हो तिनै आमालाई सम्मान गर्दै आएका छन् गायक विरही कार्की । मुलुकमा द्वन्द्व चलिरहेको बेलामा कार्कीले 'आमा' एल्बम बजारमा ल्याएपछि उनको चर्चा पनि चुलियो । उनीसँगै शब्द र संगीतमा श्रीकृष्ण बममल्लले पनि चर्चा पाए । यी दुवैलाई आमा तिम्ले लगाएको चुरा फुट्दाखेरी बोलको गीतले बजारमा राम्रै स्थान दिलायो । त्यसपछि निरन्तर आमाको सिक्वेन्समा गायक कार्कीले आमा-३ लिएर आएका छन् । आफ्नै शब्द, संगीत र स्वरमा उनले आमा-३ बजारमा ल्याएका हुन् । उनलाई आमा नाम फापेको छ । उनी भन्छन् मैले आमाको अन्तिम अवस्थामासम्म मुख हेर्न पाइनँ, अब मेरी आमाले मलाई लगाएको गुन कहिल्यै पनि तिर्न सक्दिनँ त्यसैले मैले आमा बोलको गीतको निरन्तरता दिइरहेको छु । जीउँदो छँदा आमालाई चिनाउन पाइनँ तर मरेपनि आमाको नाम समाजसामु चिनाउने प्रयास गरिरहनेछु ।

'आमा' सबैकी प्यारी हुन्छिन् । आमाले आफ्नो सन्तानप्रति सधैँ सद्‌बुद्धिकै कुरा गर्छिन्, सत्मार्गकै कुरा गर्छिन् । तिनै आमाको पदचाप पछ्याउँदै आएका कार्कीले केही समयअघि मात्रै आमाको नाममा फाउन्डेसन खोलेर समाजसेवाको काममा लागिरहेका छन् । आर्थिक अवस्था कमजोर भएका बालकहरूलाई शिक्षा प्रदान गर्ने उनको मुख्य उद्देश्य रहेको छ । केवल उनले आमाकै नाम जीवित राख्न फूलमाया कार्की फाउन्डेसन स्थापना गरेका हुन् । मातृ देवो भवः पितृ देवो भवः भन्ने उनको मूल मन्त्र रहेको छ ।

विजयादशमी २०७३ को समस्त गायक, गायिका, संगीतकार, गीतकार, संगीतकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
साथै गीतसंगीत क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको "म्यूजिक खबर" पाक्षिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।
स्वरूपा रसाइली
गायिका

विजयादशमी २०७३ को समस्त गायक, गायिका, संगीतकार, गीतकार, संगीतकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
साथै गीतसंगीत क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको "म्यूजिक खबर" पाक्षिक पत्रिकाको निरन्तरता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु।
VIBES CREATION
परशुराम रिजाल
प्रबन्ध निर्देशक तथा
भाइब्स क्रियशन प्रा.लि.

# १५ औं एल्बमभित्र रामकृष्णको "आवरण"

सदाबहार गायक रामकृष्ण ढकालको १५ औं गीतिएल्बम आवरण सार्वजनिक भएको छ । स्वरसम्राट नारायण गोपालका प्रसिद्ध गीतहरू गाएर गायनयात्रा सुरू गरेका रामकृष्ण ढकालले आफूलाई निरन्तर गायनका माध्यमले सदाबहार गीतसंगीत दिइरहन सफल बनाइरहेका छन् । पछिल्लो समय मुलुकका उपराष्ट्रपति नन्दबहादुर पुनको हातबाट 'आवरण' सार्वजनिक गर्दै आफ्नो आवरण ढकाललाई स्रोताहरूको सामु उभ्याएका छन् ।



उपराष्ट्रपति नन्द बहादुर पुन प्रमुख आथित्यताामा सम्पन्न कार्यक्रममा सुगम क्षेत्रका चर्चित चर्चित सर्जक तथा गायकहरूको उपस्थितिमा सम्पन्न भएको छ । स्व. नारायण गोपाल पश्चात पछिल्लो पुस्तालाई सम्हालेर अगाडी बढिरहेका ढकालको आवरणको बिमोचन भने सोल्टी क्राउन प्लाजामा भएको थियो । ११ ओटा गीतहरू समाबेस भएको एल्बमलाई विन्ध्यवासिनी म्यूजिक प्रालिले बजार ब्यबस्थापन गरेको छ ।

आवरणभित्र गीतकार मनिष वशिष्ट, उत्तम सन्जेल, रमेश बिजी, आनन्द अधिकारी, विनोद बन्जरा, प्रज्वल शमशेर जवरा, डा. आशबहादुर तामाङ र देवेन गिरीको शब्द तथा हरि लम्साल, न्हू बज्राचार्य, राजेश थापा, शिखर सन्तोष, राजनराज शिवाकोटी, किरण कँडेल र कल्याण सिंहले संगीत दिएका छन् ।

आवरणलाई समीक्षा गर्दै गीतकार डा.नवराज लम्सालले सबैको प्रिय गायकका रूपमा सुरुदेखि अहिलेसम्म रहन सफल भएको चर्चा गरेका थिए । ढकालका गीतले पूर्व मेचीदेखि पश्चिम महाकालीसम्मका लोकलयलाई समेत प्रभाव पारेको बताउँदै सफल गायकका रूपमा स्थापित भएको लम्सालले बताए । लोकार्पण समारोहमा गायक ढकालले 'आवरण'बाट आफू निकै आशावादी रहेको बताउँदै यसले आफ्नो पुरानो शृंखलालाई जोड्ने बताए । उनले कार्यक्रममा स्तरीय गीत सुन्ने श्रोताको रूचि झनै बढेको बताउँदै आफ्ना चर्चित गीतहरू गाएर सुनाएका थिए । उनले आफ्नो पुरानो गायन शैली र केही नयाँ प्रयोगलाई सँगसँगै ठाउँ दिएको पनि बताए ।

एल्बममा समावेश दुई गीतको भिडियो भने यस अघि नै प्रसारणमा आइसकेको छ । 'म लडेको मात्र हुँ' बोलको गीतको म्युजिक भिडियो भने सोही समारोहमा सार्वजनिक गरिएको थियो । यो एल्बमको बजार व्यवस्थापन भने विन्धवासिनी म्युजिकले गरेको छ । 'अ' श्रृखलामा आफूलाई उभ्याउँदै आएका ढकालले आर्शिवाद, आशीष, आशा, आरोह, आग्रह, आधार, आश्रय, आगमन हुँदै आवरणसम्म रहेका छन् ।

# नम्रताको "आई लभ यू आई मिस यू"

नेपालको सांगीतिक क्षेत्रको भिडमा पछिल्लो समयमा सुमधुर स्वर भएकी गायिका नम्रता तामाङको नाम पनि थपिएको छ । नेपालको पूर्वि जिल्ला पाँचथरको इम्बुङमा २२ वर्ष अघि जन्मिएकी गायिका नम्रता तामाङ यतिबेला ' आई लभ यू, आई मिस यू' लिएर आएकी छन् । सांगीतिक परिचयबाट स्थापित गर्न वितग तिन वर्षदेखि साधना कला केन्द्रमा बरिष्ठ संगीत साधक प्रकाश गुरूङसँग संगीत शिक्षा लिइरहेकी गायिका नम्रता तामाङको आवाज अनि लोकप्रिय युवा संगीतकार बी.बी. अनुरागीको एकल संगीत रहेको सांगीतिक कोशेली 'आइ लभ यू आइ मिस यू' औपचारिक रूपमा सार्वजनिक भइसकेको छ ।



कार्यक्रममा बरिष्ठ संगीतसाधक प्रकाश गुरूङको सभापतित्व एवं बरिष्ठ गीतकार तथा गजलकार डा.कृष्णहरि बराल प्रमुख अतिथ्यतामा लोकप्रिय संगीतकार राजु सिंह, ललितकलाका प्राज्ञ ज्योतिप्रकाश विश्वकर्मा, सांगीतिक संघका अध्यक्ष मिलन मोक्तान लगायतले संयुक्त रूपमा 'आइ लभ यू आइ मिस यू'लाई सार्वजनिक गरेका हुन् ।

उक्त कार्यक्रममा राजु सिंहले एल्बममा निहीत गीत संगीतको समिक्षा सहितको शुभकामना व्यक्त गरेका थिए । उनले नवगायिका नम्रतालाई टिक्ने, बिक्ने, बचाउने र नचाउने गीतहरू गाउन सुझाव दिएका थिए । त्यस्तै कार्यक्रमका प्रमुख अतिथी डा. कृष्णहरि बरालले गीतका शब्दका बारेमा समिक्षा सहितको शुभकामना मन्तव्य व्यक्त गरेका थिए । उनले गीतका शब्दहरू समय सान्दर्भिक रहेको र गायिका नयाँ भइकन पनि बी.बी अनुरागी जस्तो कुशल संगीतकर्मीको सँगतमा आइपुगेकाले र संगीत क्षेत्रकै शिखर व्यक्तित्व प्रकाश गुरुङलाई गुरु पाएकाले नम्रताको सांगीतिक यात्रामा कठिनाई नभएको बताउँद शुभाशिष दिएका थिए । त्यसैगरी कार्यक्रमका सभाध्यक्ष अनि गायिका नम्रताका गुरु बरिष्ठ संगीतकार प्रकाश गुरूङले भने आशिष सहितको शुभकामना मन्तव्य प्रकट गरेका थिए । उनले बी.बी. अनुरागी जस्तो कुशल संगीतकारको सहकार्यमा एल्बम निकालेकोमा खुशि भएको व्यक्त गरेका थिए । आफ्नी चेली नम्रतामा पूर्वेली भैकन पनि पश्चिमेली भाका भेटिने भएकाले पूर्वको र पश्चिमे भाकालाई फ्युजन गरेर अघि बढेमा पक्कै पनि संगीतको यात्रामा भौतारिनु नपर्ने बताए । उनले संगीतमा पागलपन भएमा मात्र सफल हुने बताउँदै संगीतप्रतिको पागलपन आफ्नी चेली नम्रतामा पनि आफुले पाउको उनले बताए ।

म्यूजिक खबर डटकमको आयोजनामा भएको उक्त कार्यक्रममा संगीतकार बी.बी. अनुरागीले स्वागत मन्तव्य दिएका थिए भने 'आई लभ यू आई मिस युण्ड्ड को भिडियोलाई पनि सार्वजनिक गरिएको थियो । कार्यक्रम म्यूजिक खबरकी सम्पादक सविता पोखरेलले संचालन गरेकी थिइन् ।

## प्रवासबाट

# मलेसियामा मनिपालको मुस्कान

भोजपुरमा जन्मिएका गायक तथा संगीतकार मनिपाल राई यतिबेला मलेसियाका नेपालीहरूमाझ व्यस्त संगीतकारका रूपमा चिनिन्छन् । संगीत सिर्जनामा आफूलाई सदैव क्रियशील गराउँदै आएका मनिपाल शब्द सिर्जनामा पनि आफूलाई उत्तिकै मन दिने गर्छन् भने गायनलाई पनि आत्मसात गर्दै आएका छन् । संगीत र शब्दमा जस्तै उनले गायनलाई पनि प्राथमिकतामा राख्छन् । उनले संगीतलाई व्यवसायिक रूपमा अगाडि बढाउँदै आएका छन् भने गायनलाई पनि सँगै लिएर हिंडेका छन् ।

एक वर्षअघि बेदना एल्बम बजारमा ल्याएका उनले नयाँ एल्बम 'मुस्कान'को तयारी अन्तिम चरणमा पुऱ्याएका छन् । आगामी दिपावलीमा मनिपाल मुस्कान एल्बमका गीत दर्शक श्रोतालाई सुनाउन मलेसियाको मलक्कातर्फ जाँदै छन् । आफ्नो मात्र नभइ अरू गायकका गीतमा संगीत भर्न माहिर रहेका राई अहिले पनि आधा दर्जनभन्दा बढी गीतको संगीतमा ब्यस्त छन् ।

मलेसियामा चर्चाको शिखरमा रहेका गायक अमर राई, अनुराघ श्रेष्ठका गीतका संगीतकार रहेका मनिपाललाई मलक्काका दर्शकमाझ गायकको परिचयले चिनिएका छन् । गत वर्षको चिनिया नयाँ वर्षमा मलक्काका दर्शकलाई आफ्नो प्रस्तुति दिएर आफ्नो परिचय बनाइसकेका गायक राईको राष्ट्रिय भावको गीत म्युजिक खबर म्युजिक अवार्ड २०१६ मा उत्कृष्ट पाँचको मनोनयनमा परेपछि झन चर्चा चुलिएको छ । राम्रो काम गरे पक्कै पनि सम्मान र अवार्ड पाइन्छ भन्ने सोचका साथ अघि बढेका गायक राईले मलेसियाका स्टेज प्रोग्राममा आफ्नो प्रस्तुति दिएर दर्शकको मन जितिसकेका छन् ।

दिपावलीको अवसरमा अक्टोबर २९ मा मलेसियाको मलक्का शहरमा हुने देशपरदेश म्युजिक प्रालिको दिपावली सांगितिक कार्यक्रममा उनले मुस्कान एल्बम लगायत वेदनाका गीत पनि प्रस्तुत गर्ने भएका छन् । गायक राई आउँदो विजयदशमी र दिपावलीमा मलेसियामा हुने सांगीतिक कार्यक्रमका लागि प्याक भै सकेका छन् ।



विजयादशमी २०७३ को समस्त गायक, गायिका, संगीतकार, गीतकार, संगीतकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।

विपिन आचार्य
संगीतकार/एरेन्जर

माण्डवी त्रिपाठी
गायिका

MB Music Recording Studio
Kapoordhara Marga, VK Plaza, Samakhusi, Kathmandu.

विजयादशमी २०७३ को समस्त गायक, गायिका, संगीतकार, गीतकार, संगीतकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
साथै गीतसंगीत क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको "म्यूजिक खबर" पाक्षिक पत्रिकाको निरन्तरता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सुवास रेग्मी, प्रबन्ध निर्देशक तथा
विन्ध्यवासिनी म्यूजिक प्रा.लि.

## सम्पादकीय

# सङ्गीत पत्रकारितामा पाक्षिकको यात्रा

मुलुकको पत्रकारिताको इतिहास लामो छ । जुन लामो इतिहासभित्र गोरखापत्र हालसम्म पनि ज्यूँदो साक्षीका रूपमा रहेको छ । त्यसपछि विभिन्न पत्रपत्रिकाहरू प्रकाशनमा आए । त्यसो त मुलुकमा प्रजातन्त्र आएपछि केही अखबारहरू प्रकाशनमा आएका हुन् भने बहुदल आएपछि नेपाली पत्रकारिताले आम सञ्चारमा फड्को मारेको हो । बहुदलपछि विभिन्न नाममा दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्रपत्रिकाहरूले प्रकाशन प्रारम्भ गरे । सबैका आआफ्नै लक्ष्य थिए । कसैले राजनीतिक धार समाते भने कसैले व्यवसायिक धार । तर त्यसभित्र पनि विधागत रूपमा प्रकाशन हुने पत्रपत्रिका भने कमै मात्रमा थिए, जुन स्तम्भका रूपमा मात्र लेखिने गरिन्थे । मनोरञ्जनको क्षेत्रमा प्रकाशनमा आएको पत्रिका चलचित्र, कामना, सिनेमा हुँदै फिल्मीखबरसम्म आइपुग्दा धेरै प्रकाशन भएका छन् । तर फिल्मी पत्रकारिताको लामो इतिहास र निरन्तरतामा भने फिल्मीखबर साप्ताहिक अगाडि देखिएको छ ।

अब संगीत पत्रकारिताको कुरा गर्दा मुलुकमा प्रकाशनमा आएका विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक वा मासिक पत्रिकाले स्तम्भका रूपमा थोरै ठाउँमात्र दिने गरिएको छ संगीतलाई । चलचित्र उद्योगका रूपमा विकास भइसकेको हुँदा ठूलो लगानीमा निर्माण भएका चलचित्रहरूलाई लक्षित गर्दै पत्रपत्रिकाले धेरै स्थान दिने गरेका छन् । तर औसत रूपमा हेर्ने हो भने मुलुकमा चलचित्रको भन्दा ठूलो लगानी संगीतमा देखिन्छ । सरदरमा चलचित्रभन्दा माथि संगीतमा लगानी देखिए पनि संगीतको पत्रकारिता भने फराकिलो बन्न सकिरहेको छैन । संगीत पत्रकारिताको इतिहासमा करिब एक दशक पार गरिसकेका म्यूजिक डायरी र ग्ल्यामर प्लस पत्रिकाभन्दा अन्य प्रकाशन आउन सकेका छैनन् । संगीतलाई नै लक्षित गर्दै अनलाईनको विकास र विस्तारसँगै म्यूजिक खबर डटकमले विगत ७ वर्षदेखि निरन्तर विद्युतीय पत्रकारिताको कार्य गर्दै आइरहेको छ भने केही अनलाईनहरू संगीत र चलचित्र क्षेत्रलाई लक्षित गरेर प्रकाशनमा आइरहेका छन् तर छापा पत्रकारिताको हकमा त्यो भने पाइँदैन । त्यसमा पनि पाक्षिक र साप्ताहिकका रूपमा अहिलेसम्म कुनै संगीत पत्रिका प्रकाशनमा आउन सकेकै छैन ।

म्यूजिक खबर पाक्षिक हामीले प्रकाशनको आरम्भ गरेका हौं । सायद संगीत पत्रकारितामा पाक्षिकको इतिहासको जगमा हामी छौं भन्ने सोचेका छौं । यसभन्दा अगाडि म्यूजिकखबर डटकम, म्यूजिक खबर मासिक हुँदै हामी पाक्षिकको यात्रामा अगाडि बढेका छौं । सङ्गीत पत्रकारितामा निरन्तर टिक्न र टिकाउन अनि यसलाई विस्तार गर्दै बजारमा विकाउन पनि ठूलै चुनौती मोल्नुपर्ने अवस्था छ । संगीतमा लगानी बालुवामा पानी भन्ने उखान भइरहँदा हामीले बालुवाभित्रै सुन खोज्न सकिन्छ भन्ने सोचका साथ पत्रकारितामा हात हालेका हौं । एकातिर बौद्धिक सम्पत्तिको बहस चलिरहेको छ भने अर्कातिर रोयल्टीका बारेमा संगीतकर्मीहरू एकजुट भएर बौद्धिक सम्पत्तिको लागि लडिरहेका छन् । संगीत पत्रकारितामा पक्कै पनि सबैबाट साथ र समर्थ मिल्छ भन्ने पनि सोचेका छौं । यो म्यूजिक खबर पाक्षिक सम्पूर्ण गायक गायिका, गीतकार, संगीतकार, संगीत संयोजक, वाद्यवादक, रेकर्डिष्ट, मिक्सिङ, स्टुडियो संचालक, म्यूजिक कम्पनी संचालक, म्यूजिक भिडियो निर्देशक, मोडल एवं कोरशमा रहेका सम्पूर्ण कलाकार एवं प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा संगीतलाई आत्मैदेखि मन पराउनेहरूको साझा पत्रिका हो । यो हामी सबैको साझा प्लेटफर्मका रूपमा रहेको छ भन्ने विश्वासका साथ हामी आएका छौं ।

# "लाहुरे नभएपछि गायक भएँ"



■ सुमन बैरागी

लोकदोहोरीमा एउटा चर्चित नाम हो गणेश गुरूङ । गाउँको रोधी बस्दाबस्दै गायक बने तर उनको पारिवारिक पृष्ठभूमि भने लाहुरे थियो । हुन त उनी पनि लाहुरे हुन धेरै दौडिए । ब्रिटिस लाहुरे बन्ने दौडमा उनले अन्तिम २०५८/५९ सम्म कहिले कता कहिले कता दौडिरहे । गल्लाले नाप्दानाप्दै उनको लाहुरे हुने सपना पोखरामा पुगेर टुंगियो । उनका बुबा पनि ब्रिटिस लाहुरे, हजुरबुबा पनि लाहुरे थिए । उनीभित्र पनि लाहुरे हुने भूत चढेको थियो । लाहुरे हुने सपना बुन्दै गर्दाको एउटा अविश्मरणीय क्षण सुनाउँदै उनले भने– 'जब म लाहुरे बन्न हिंडे छोरी दिनेको भीड लाग्यो, तर लाहुरे नहुने पक्का भएको दिनबाट छोरी दिनेहरू त्यो बाटो नै हिंड्न छाडे ।' उनी पनि लाहुरेकै सपना देखेर दौडिएका थिए तर सपना पूरा भएन । अन्ततः उनका सबै भाइ लाहुरे भए उनको सपना भने लाहुरे भएन गाइने भयो । अर्थात् उनी चल्तीका गायक बने ।

गायक गुरूङ लाहुरे हुने सपनाबाट टाढा बन्दै मुलुकभित्र हुने लोकदोहोरी प्रतियोगितामा भाग लिँदै गए । जति प्रतियोगितामा उनले सहभागीता जनाए सबैमा प्रथम मात्रै भए । २०५९ सालमा चैतेदशैं खुला दोहोरी गीत प्रतियोगिता पोखरामा प्रथमभएपछि उनको निरन्तर प्रथम हुने यात्रा जारी रह्यो । करिब एक दर्जन प्रतियोगितामा भाग लिएका गायक गुरूङले प्रतिस्पर्धालाई थाति राख्दै एल्बम प्रकाशनतर्फ लागे । मनकामना केबलकारमा चोक नामक लोकदोहोरी एल्बम २०६१ सालमा बजारमा ल्याए । त्यसपछि उनको दोहोरी गायन रेकर्डतर्फ उन्मुख भयो । करिब एक दर्जन एल्बम बजारमा ल्याएका गुरूङको वरिपिपलको छायाँ, ल्वाङसुपारी, ढल्की ढल्की नाच्यो मजुर, रोधी घरैमा, कौडा, सालैजो, आयो ल्होसार, सल्ला धुपैले, गोरखा मनकामना, रहर जस्ता एल्बम बजारमा आए । उनले गाएका गीतहरू संख्यात्मक हिसाबमा धेरै भए पनि चर्चाको शिखरमा भने कमै छन् भन्दा फरक पर्दैन । पछिल्लो समय उनले गाएको गीत सल्ला धुपैले चर्चामा पनि रह्यो र म्यूजिक खबर म्यूजिक अवार्डसमेत हात पार्न सफल भयो । त्यस्तै उनको लय र शब्द रहेको गोरखा मनकामना पनि सबैभन्दा बढी चर्चामा रह्यो ।

गोरखा मनकामनामा जन्मे हुर्केका गणेश गुरूङ लोक संस्कृतिमै जन्मे हुर्के र लोकसंस्कृतिमै रमाउँदै छन् । नेपालीपन बोकेका ठेट गीत गाउन र बनाउन सिपालु उनी नेपाली माटो सुहाउँदो गीत सिर्जना गर्ने गर्छन् । दर्जनौ सम्मान र अवार्ड प्राप्त गरिसकेका गुरूङले यस वर्ष नेपाल सरकार युवा तथा खेलकूद मन्त्रालयको राष्ट्रिय प्रतिभा पुरस्कारसमेत हात पारेका छन् । सांस्कृतिक कार्यक्रमकै शिलशिलामा मकाउ, बेलायत, चाइना, कतार, बैंकक लगाएत दर्जनौ मुलुक पुगिसकेका छन् ।

तमु गुरूङ कलाकार संघको नवनिर्वाचित महासचिवसमेत रहेका उनी सयपत्री सांस्कृतिक समुह नेपाल शाखा अध्यक्ष समेत हुन् । विभिन्न संघसंस्थामा आबद्ध रहेर नेपाली कला संस्कृतिको क्षेत्रमा क्रियाशील रहेका गुरूङको पहिचान नै लोकदोहोरी बनेको छ ।

२०६७ मा रेडियो नेपालबाट स्वर परिक्षा पास गरेका गणेशले झन्डै डेढ दर्जन गुरूङ चलचित्रमा संगीत गरिसकेका गणेश 'गुरूङ चलचित्र अवार्ड २०७३'मा उत्कृष्ट संगीतकार तथा गीतकारको अवार्ड समेत हात पर्न सफल भएका थिए । हाल तीज लगत्तै आफ्नो नयाँ सांगीतिक कोसेली 'गोगन पानीमा' ल्याउने तैयारीमा जुटेका छन् ।

**विजयादशमी २०७३ को समस्त गायक, गायिका, संगीतकार, गीतकार, संगीतकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना । साथै गीतसंगीत क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको "म्यूजिक खबर" पाक्षिक पत्रिकाको निरन्तरता एवं उत्तरोत्तर प्रगतिको कामना गर्दछु।**

**युवराज चौलागाईं**

**गायक**

# प्रतिष्ठानमा बद्रीको नेतृत्व



**म्यूजिक खबर डेक्स**

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको छैठौं महाधिवेशनबाट गायक बद्री पंगेनीको नेतृत्वमा ३९ सदस्यीय कार्यसमिति चयन भएको छ । प्रतिष्ठानका अध्यक्ष पदका लागि गायक पंगेनीको अलावा विष्णु खत्री र टिकाराम चपाईंको उम्मेदवारी परेको भए पनि दुवैलाई भारी मतको अन्तरले हराउँदै पंगेनी विजयी भएका हुन् । पंगेनीले ८८८ मत ल्याएर विजयी भएका हुन् भने अध्यक्षका दुई प्रत्यासी खत्रीले ५०८ र चपाईंले ३३० मत ल्याएका छन् ।

त्यस्तै वरिष्ठ उपाध्यक्षमा रमेश विजीले ८८३ मत ल्याएर  भारी अन्तरले विजयी भएका छन् । उनका प्रत्यासी ऋषिलाल श्रेष्ठले ३८२ र गायक विमलराज क्षेत्रीले ४६२ मत ल्याएका छन् । त्यसैगरी प्रथम उपाध्यक्षमा पशुपति शर्मा निर्विरोध निर्वाचित भइसकेका थिए भने द्वितीय उपाध्यक्षमा रामजी खाँडले विजयी हासिल गरेका छन् । महासचिवमा भएको चुनावमा सुवास केसी विजयी भएका छन् । उनका प्रत्यासी शिरिष देवकोटालाई हराउँदै केसी महासचिवमा विजयी भएका हुन् ।



त्यस्तै उपमहासचिवमा चोलेन्द्र पौडेल ९७६ मतले विजयी भएका छन् भने उनका प्रतिद्वन्द्वी नारायण लेकालीले ७०९ मत ल्याएका थिए । त्यसैगरी सचिवमा शंकर बिसीले ११०८ मत ल्याएर विजयी भएका छन् भने सचिव पदमा नै खुमन अधिकारीले १०१५ र कृष्ण रेउलेले ७५५ मत ल्याएर विजयी भएका छन् । कोषाध्यक्षमा दीपक खड्का निर्विरोध निर्वाचित भएका हुन् भने सहकोषाध्यक्षमा टीका पुनले १२६४ मत ल्याएर प्रतिस्पर्धी नारायण भुसाललाई पछि पार्दै विजयी भएकी छिन् ।

त्यदस्य खुला सदस्य पदमा भने बहुमत ल्याएर शिव हमाल विजयी भएका हुन् भने महिलातर्फ देवी घर्ती सबैभन्दा अगाडि देखिइन् । हमालले १४५५ र घर्तीले १४४१ बहुमत ल्याएर विजयी भएका हुन् । त्यसैगरी खुलातर्फको सदस्यमा पार्वती राई १३३६, राजु ढकाल १२४९, कुलेन्द्र विश्वकर्मा १२०९, राजन ठकुरी १०५७, वसन्त थापा ९२८, सन्तोष आलेमगर ९०१, जीवन दाहाल ८८२, हरि डाँगी ८५८, प्रचण्ड जीसी ८५४, रमेशराज भट्टराई ८५३, ईश्वरी प्रसाद भुसाल ८०६, राजन गुरूङ ७८०, विनोद बाजुराली ७७९ मत ल्याएर विजयी भएका छन् । खुला सदस्यतर्फ १४ जनाको लागि ३४ जनाको उम्मेदवारी परेको थियो ।

त्यस्तै महिलातर्फ देवी घर्तीले नेतृत्व गर्दै बहुमतले विजयी भएपछि मुना थपामगर १२८८, पूर्णकला बिसी ८४१, जमुना राना ८१८, जानकी तारमी मगर ७८४ मत ल्याएर विजयी भएका हुन् । यसअघि नै महिला उपाध्यक्षमा रिता थापामगर निर्विरोध निर्वाचित भएकी थिइन् भने महिला सचिवमा राधिका हमाल निर्विरोध भएकी थिइन् । त्यस्तै प्रदेश नं. २ संयोजकमा कृष्ण प्रसाद गौतम, प्रदेश नं. ३ संयोजकमा रमिला न्यौपाने, प्रदेश नं. ४ संयोजकमा तारापति सुवेदी, प्रदेश नं. ५ संयोजकमा लक्ष्मण खड्का, प्रदेश नं ७  संयोजकमा सुरत रावत रहेका छन् ।

अध्यक्षको पदमा विजयी भइसकेपछि म्यूजिकखबरसँग कुरा गर्दै अध्यक्ष पंगेनीले भने म लोक तथा दोहोरी गीत प्रतिष्ठानको नेतृत्व गर्दै गर्दा सबैलाई मिलाएर समग्र गीतसंगीतको प्रतिनिधित्व गर्नेछु भने । उनले गीतसंगीत क्षेत्रको सबै संस्थासँग समन्वय गर्दै गीतसंगीत क्षेत्रमा देखिएका समस्याको समाधानमा अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्छु पंगेनीले भने – 'चुनाव भनेको हार र जित हुन्छ तर मैले जिते पनि ४० हजार सदस्यकै जित हो म सबैसँग मिलेर अगाडि बढ्नेछु ।' मलाई चुनावमा जिताउनु हुने सबैलाई हार्दिक आभार प्रकट गर्दै पंगेनीले समग्र लोकदोहोरी क्षेत्र नै गीतसंगीतको आमा हो, यसको संरक्षण र सम्बर्द्धनमा मेरो सक्रियता रहनेछ, पंगेनीले भने ।

## चर्चितकै जित

यसपालीको चुनावको मतपरिणाम हेर्दा प्रायजसो चलेकै अनुहारको नेतृत्व प्रतिष्ठानमा देखिएको छ । बजामार चर्चा कमाएका बद्री पंगेनी, रमेश बिजी, पशुपति शर्मा, रामजी खाँड, शंकर बिसी, टीका पुन, खुमन अधिकारी, शिव हमाल, कुलेन्द्र विश्वकर्मा, पार्वती राई, राजन ठकुरी, राजु ढकाल, देवी घर्ती, टीका पुन, मुना थापा, पूर्णकला बिसी जस्ता अनुहारहरू प्राय लोकदोहोरीको क्षेत्रमा मात्र नभएर गीतसंगीतकै क्षेत्रले नचिन्ने कमै होलन् । अहिलेसम्मकै कार्यसमितिमा चर्चा कमाउन सफल कलाकारहरूको टोलीले यसपाली चुनाव जितेको देखिन्छ ।

## पहिलो निर्णय विकृतिविरुद्ध अभियान

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको केन्द्रीय कार्यसमितिको पहिलो बैठकले विकृतिविरूद्ध पहिलो अभियान चाल्ने निर्णय गरेको छ । बद्री पंगेनीको नेतृत्वमा आएको ४५ सदस्यीय कार्यसमितिको सपथ ग्रहण कार्यक्रमसँगै बसेको पहिलो बैठकले लोकदोहोरीमा देखिएको फोहोरी कार्यविरूद्ध पहिलो अभियान चाल्ने निर्णय गरेको संस्थाका वरिष्ठ उपाध्यक्ष रमेश बिजीले बताए । पहिलो बैठकबाटै हामीले लोकदोहोरीमा देखिएको विसंगति र विकृतिविरूद्ध कारवाही अभियान अगाडि बढाएको विजीले बताए ।

अभियान अन्तर्गत प्रतिष्ठानकै कार्यसमितिमा रहेका सदस्य शिव हमाल लगायतका गीतकार हरूले मौलिक गीतसंगीतभन्दा बाहिरका विसंगीत भित्र्याउनेखालका गीत नलेख्ने प्रतिबद्धता गरेका छन् । त्यस्तै प्रतिष्ठानका सचिव शंकर विसीले अश्लिलता पस्कने म्यूजिक भिडियो नबनाउने भएका छन् भने सदस्य पार्वती राईले छोटा लुगा लगाएर समाजलाई आँच आउने म्यूजिक भिडियो अभिनय नगर्ने प्रतिबद्धता व्यक्त गरेकी छन् । त्यस्तै सदस्य विनोद बाजुरालीले आफूले समाजलाई आँच आउने खालका फोहोरी गीतहरू लिएर आउनेको एरेन्ज नै नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रतिष्ठानमा विजयी भएर आएका गायक गायिकाहरूले पनि यस्ता गीतहरू नगाउने प्रतिबद्धता व्यक्त गरेको अध्यक्ष बद्री पंगेनीले बताए । सम्पूर्ण कार्यसमितिका सदस्यहरू मिलेर लोकदोहोरीमा देखिएको विसंगति र विकृतिविरूद्ध पहिलो अभियान चाल्ने क्रममा सदस्यहरूबाटै सुरू गरिएको अध्यक्ष पंगेनीले बताए ।

## चुनौति बढी

बद्री पंगेनीको नेतृत्वमा आएको कार्यसमितिले पहिला पहिलाभन्दा चुनौति बढी मोल्नुपर्ने देखिन्छ । हुन त पंगेनीले अध्यक्षको तर्फबाट प्रतिबद्धता व्यक्त गर्दा भनेका छन् – म संस्थाको हितभन्दा बाहिरको काम गर्दिनँ, प्रतिष्ठानलाई सकेसम्म व्यवस्थित बनाउँदै उचाइमा लैजानेछु नसके प्रतिष्ठान बिगार्ने काम भने गर्दिनँ ।' नेतृत्वले यसरी भनिरहँदा नयाँ योजना र सोचका साथ कार्यसमितिमा निर्वाचित भएका सम्पूर्ण पदाधिकारीहरूलाई पनि उत्तिकै चुनौति थपिएको छ । चुनाव जित्नका लागि जति खर्च गरे पनि त्यसपछि गर्नुपर्ने काम, योजना तर्जुमाका विषयमा भने जितपछि नै चुनौति थपिने हो । निवर्तमान अध्यक्ष चन्द्र शर्माको सबैभन्दा सफल कार्यकाल भनेर चर्चा भइरहँदा त्योभन्दा माथि लैजान यो कार्यसमितिलाई चुनौति देखिन्छ । त्यस्तै नेपाली लोकदोहोरीमा देखिएको फोहोरीपनलाई पनि हटाउँदै मौलिकता पस्कने कलासंस्कृतिको पक्षमा अगाडि बढ्नुपर्ने पनि देखिन्छ ।

## चन्द्र शर्माको चर्चा

छैठौं महाधिवेशनबाट नयाँ कार्यसमितिलाई आफ्नो नेतृत्वको कार्यभार सुम्पिँदै गर्दा जतातते अध्यक्ष चन्द्र शर्माको चर्चा चल्यो । उनको कार्यकाललाई सबैले तारिफ गरे, सफल कार्यकालका रूपमा लिए । शर्माले आफ्नो कार्यकालमा गरेका कार्यहरू सम्भनयोग्य भएको र संस्थाको हितमा आफूलाई निरन्तर लगाइरहेको चर्चा गरियो । पहिलाका अध्यक्षहरूले गरेका कार्यहरूलाई पूरा गर्दै प्रतिष्ठानको आर्थिक र भौतिक हिसाबमा नै उनका कार्यकाल सफल भएको पूर्व अध्यक्ष, सल्लाहकारहरूले दाबी गरे । त्यसो त उक्त सपथ ग्रहण कार्यक्रममा निवर्तमान अध्यक्ष चन्द्र शर्माले संस्थाका लागि आफू सदैव साथ दिन तयार रहेको बताउँदै नवनिर्वाचित अध्यक्ष पंगेनीलाई आफू बसिरहेको ठाउँमा बसालेका थिए । छैठौं महाधिवेशन मूल आयोजकको संयोजक रहेर महाधिवेशन सफल पार्दै गर्दा प्रतिष्ठानको उपत्यका समन्वय समित काठमाडौंका अध्यक्ष पी.एन.सापकोटा सह-संयोजक भएर गरेको सफल कार्यको पनि उत्तिकै प्रशंसा भयो । समन्वयको सहकार्यविना महाधिवेशन सफल पार्न असम्भवजस्तै हुने कुरा पनि कार्यक्रममा उपस्थित सबैले प्रशंसा गरेका थिए ।

उपराष्ट्रपति नन्दबहादुर पुनबाट उद्घाटन गरिएको महाधिवेशनमा लोक गायक एलपी जोशीलाई लोक स्रष्टा सम्मान प्रदान गरिएको थियो । त्यस्तै स्व.नारायण पाण्डे प्रतिभा पुरस्कारबाट गायक तेजबहादुर केसीलाई सम्मान गरिएको थियो भने लोक पत्रकारिता पुरस्कारबाट सुमन बैरागीलाई सम्मानित गरिएको थियो ।

*तस्वीरः देवराज आचार्य*

**सङ्गीत उत्पादक समाज नेपालको अत्यन्त जरुरी सूचना !**

प्रतिलिपि अधिकार ऐन ०५९ र नियमावली ०६१ द्वारा प्रदत्त श्रव्य तथा श्रव्य दृश्य साङ्गीतिक सामग्रीका ध्वनि अङ्कनकर्ता तथा उत्पादकहरुको रोयल्टी सम्बन्धी अधिकारलाई कार्यान्वयन (सङ्कलन तथा वितरण) गर्नका लागि स्थापित यस 'सङ्गीत उत्पादक समाज नेपाल' मा सदस्यता लिन बाँकी रहनुभएका सम्पूर्ण ध्वनिअङ्कनकर्ता एवं उत्पादकहरुले अनामनगरस्थित यस संस्थाको कार्यालयमा सम्पर्क राखी सदस्यता लिई सम्झौता गर्नुहुन साथै सदस्यता लिई नवीकरण गर्न बाँकी रहनुभएका सदस्यहरुले समेत यथाशीघ्र नवीकरण गर्नुहुन अनुरोध गरिन्छ ।

**सङ्गीत उत्पादक समाज नेपाल**
अनामनगर, काठमाडौं ।
सम्पर्क : ०१-४१०२७३७, ९८५१००६४६६, ९८५१०९२६८८



राधिका हमाल
निर्देशक

विजयादशमी २०७३ को पावन अवसरमा समस्त गायक, गायिका, संगीतकार, गीतकार एवं संगीतकर्मी लगायत देश विदेशमा रहनु हुने नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ।



कृष्ण पुन
अध्यक्ष एवं प्रबन्ध निर्देशक

म्यूजिक बैंक नेपाल
अनामनगर काठमाडौं
014266546



## हार्दिक बधाई



चर्चित गायिका तथा यस समाजकी उपाध्यक्ष श्री मुना थापा मगरज्यू राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, केन्द्रीय कार्यसमितिको छैठौ महाधिवेशनबाट केन्द्रीय सदस्य जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना ।

दीपसागर थापा, अध्यक्ष
गोरखा सांस्कृतिक समाज, परिवार
काठमाडौं, नेपाल



बडादशैं २०७३ को पावन अवसरमा देश विदेशमा रहनुहुने संगीतकर्मीहरु एवं समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति समृद्धिको हार्दिक मङ्गलमय शुभकामना ।
साथै संगीत क्षेत्रलाई लक्षित गरी प्रकाशनमा आएको म्यूजिक खबर पाक्षिकको निरन्तरताको कामना गर्दछु ।



शिव परियार
गायक/संगीतकार



## विजयादशमी २०७३ को हार्दिक शुभकामना

गोरखा चौतारी म्युजिक प्रा.लि.
पुतलीसडक काठमाडौं, मो.नं.: ९८४९४४६३३८

हाम्रा सेवाहरु
१. उत्कृष्ट अडियो तथा भिडियो निर्माण
२. गित संगीतको बजार व्यवस्थापन तथा अनुगमन
३. विज्ञापन तथा प्रचार प्रसार सम्बन्धि कारोबार
४. डकुमेन्ट्री तथा Short Movie निर्माण
५. गित संगीत सम्बन्धि सम्पूर्ण कारोबार

कार्यक्रम संगीत चौतारी
हरेक बिहान ८ बजे NTV Plus मा



सुनिल लामिछानेको साथमा



बजारमा उपलब्ध छ



बडादशैं २०७३ को पावन अवसरमा देश विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
साथै गीतसंगीतको क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको म्यूजिक खबर पाक्षिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

निरु न्यौपाने
गीतकार



छिट्टै बजारमा आउँदैछ



बडादशैं २०७३ को पावन अवसरमा देश विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदी बहिनीहरुमा हार्दिक मंगलमय शुभकामना ।
साथै गीतसंगीतको क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको म्यूजिक खबर पाक्षिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

आनन्द कार्की
गायक



## दशैंको शुभकामना

बडादशैं २०७३ को पावन अवसरमा देश विदेशमा रहनुहुने गीतकार, गायक, गायिका, संगीतकार, वाद्यवादक, निर्देशक, मोडल लगायत समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मङ्गलमय शुभकामना ।

झलक संगीतम्
गायक/संगीतकार/एरेन्जर

आलाप रेकर्डिङ म्यूजिक स्टुडियो
अनामनगर, घट्टेकुलो, काठमाडौं



बडा दशैं २०७३ को पावन अवसरमा सम्पूर्ण गायक, गायिका, संगीतकर्मी एवं संगीतप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा
## हार्दिक मङ्गलमय शुभकामना
व्यक्त गर्दछौं ।



बजारमा उपलब्ध छ

सीमा शाह
गायिका

# गायन र अभिनयमा सरिश्मा



सरिश्मा राम्जाली मगर लोकदोहोरी गायनकी उदाउँदी प्रतिभा हुन् । म्याग्दी जिल्लाको पाल्लेखेतमा जन्मिएकी सरिश्माले प्लस टुसम्मको अध्ययन म्याग्दीमा नै सकेपछि २०६८ सालमा काठमाडौं छिरेकी हुन् । लोकदोहोरीलाई नजिकबाट आत्मसात गर्दै आएकी सरिश्माले प्रत्यक्ष दोहोरीमा धेरै समय खर्च गरेकी छिन् । हरेहरे नारायण, फिदा भएँ म, झिम झिम परेली जस्ता एल्बम बजारमा ल्याइसकेकी सरिश्माले आफूलाई अभिनयमा पनि उत्तिकै सक्रिय गराउँदै आएकी छिन् । गायनमा आफ्नो स्वरको कला पस्किसकेकी सरिश्माले सँगसँगै म्यूजिक भिडियोमा समेत अभिनय गर्ने गर्छिन् । स्वरको माधुर्यतासँगै रूपको सौन्दर्यता पनि भएकी गायिका सरिश्माले जवानी चढ्र जात्रै भो, क्यारूम क्यारूम भो, सालैजो, गोर्खाको मायालेलगायत ८० वटा जति म्यूजिक भिडियोमा अभिनय गरिसकेकी छिन् ।

मिस मगर २०१४ मा मिस भर्सटाइलको उपाधी चुमिसकेकी सरिश्माले लोकदोहोरीको अलावा आधुनिक र चलचित्रतर्फ पनि अभिनय गरिसकेकी छिन् । चलचित्र सुन्तलीलाई भगाइ लग्यो झिल्केलेमा नायिका भएर अभिनय गरेकी गायिका सरिश्माले सपना तिम्रो मेरोमा पनि आफ्नो अभिनय कला देखाएकी छिन् । एन्जल हर्ट कलेज मनमैजुमा स्नातक दोस्रो वर्षमा अध्ययनरत रहेकी सरिश्माले मलेसियामा भएको सांस्कृतिक कार्यक्रममा भाग लिएर आइसकेकी छिन् । नाच्न, गाउन र अभिनय गर्नमा पोख्त रहेकी गायिका सरिश्माले प्रत्यक्ष दोहोरीमा हुने सवालजवाफमा पनि राम्रै प्रतिस्पर्धा गर्ने गरेकी छिन् । सानैदेखिको उनको नाच्ने र गाउने बानी आजभोली आएर पेशामा परिणत भएकोमा उनी खुशी व्यक्तसमेत गर्छिन् ।

बडा दशैं २०७३ को पावन अवसरमा सम्पूर्ण गायक, गायिका, संगीतकर्मी एवं संगीतप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

अर्जुन पोखरेल
संगीतकार/गीतकार
डिभाइन म्यूजिक
पुतलीसडक, काठमाडौं

विजयादशमी २०७३ को पावन अवसरमा समस्त गायक, गायिका, संगीतकार, गीतकार एवं संगीतकर्मी लगायत देश विदेशमा रहनु हुने नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना ।
साथै गीतसंगीतको क्षेत्रलाई लक्षित गर्दै प्रकाशनमा आएको म्यूजिक खबर पाक्षिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

श्याम सामसोङ राई, प्रोपाइटर
बिनायो क्याफे एण्ड रेष्टुरेण्ट
Ground Floor
हामीकहाँ विमोचन, पार्टी, सेमिनार पास्नी, बर्थ डे का लागि उपयुक्त हल तथा साउण्ड सिस्टमसहितको व्यवस्था छ ।

हार्दिक मङ्गलमय शुभकामना
बडादशैं २०७३ को पावन अवसरमा देश विदेशमा रहनुहुने समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना ।
विरही कार्की
गायक
सुनखानी म्यूजिक
सामाखुशी, काठमाडौं
फूलमाया कार्की फाउन्डेशन
सामाखुशी, काठमाडौं
फूलमाया कार्की फाउन्डेशन
मलेसिया शाखा
फूलमाया कार्की फाउन्डेशन
नाशिक शाखा, भारत
फूलमाया कार्की फाउन्डेशन
साउदी शाखा

बडादशैं २०७३ को पावन अवसरमा देश विदेशमा रहनुभएका समस्त संगीतकर्मी, गायक, गायिका, संगीतकार, गीतकार, एवं संगीतप्रेमी नेपाली दाजुभाइ तथा दिदी बहिनीहरूमा हार्दिक मंगलमय शुभकामना ।
साथै गीतसंगीतको क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको म्यूजिक खबर पाक्षिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।
बी.बी. अनुरागी
संगीतकार/एरेन्जर
प्रिज्म डिजिटल रेकर्डिङ स्टुडियो
बबरमहल, काठमाडौं

बडा दशैं २०७३ को पावन अवसरमा सम्पूर्ण गायक, गायिका, संगीतकार, गीतकार, वाद्यवादक, संगीतकर्मी एवं संगीतप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

किशोर थापा
प्रबन्ध निर्देशक
ए वान म्यूजिसियन रेकर्डिङ स्टुडियो
पुतलीसडक, काठमाडौं

# श्रीदेवको भाग्य परीक्षा कुइनेटो र सुकुलगुण्डा



इलामको रमणीय स्थानमा अन्मेका श्रीदेव भट्टराई चलचित्र र मोडलिङको क्षेत्रमा चलेको नाम हो। मोडलिङ र संचार क्षेत्र हुँदै चलचित्र न्यू जेनेरेशनबाट नेपाली चलचित्र रजतपटमा छिरेका नायक श्रीदेव भट्टराइ अभिनीत चलचित्र विरानो माया, छल यस अगाबै प्रदर्शनमा आइसकेका छन् । दर्जनैं म्यूजिक भिडियोमा समेत अभिनय गर्न भ्याइसकेका नायक भट्टराइको भाग्य उदाउने वा नउदाउने भन्ने छिट्टै प्रदर्शनमा आउन लागेका दुइ चलचित्र कुइनेटो र सुकुलगुण्डामा रहेको छ ।

एक दशक भन्दा लामो समय देखी यस चलचित्र क्षेत्रमा संघर्षरत क्रियाशिल व्यक्तित्व श्रीदेव भट्टराई चलचित्रको साथ साथै समाज सेव ागर्ने रूचाउने गर्दछन्। चलि आएको कमर्सियल चलचित्र भन्दा पनि एथार्थ घटनामा आधारित चलचित्रहरूमा अभिनय गर्न रूचाउने भट्टराईले छिट्टैनै एक्सन प्रदान चलचित्रमा अभिनय गर्ने लागि अभ्यासरत रहेका छन् ।

# निरन्तर हल कब्जा गर्दैं छक्का पन्जा




नेपाली सिनेमा हेर्नकै लागी भनेर दर्शक हलसम्म खुलेर जान नचाहने समयमा रिलिज भएर चलचित्र 'छक्का पञ्जा'ले २ महिनासम्म अधिकांश हल कब्जा गर्न सफल भयो। भदौ २४ गतेबाट रिलिज भएको यो चलचित्रको व्यापारले त्यसपछि चलेका चलचित्रको व्यापारमा निक्कै ठूलो असर गर्‍यो ।

दीपाश्री निरौलाको डेब्यू निर्देशनमा बनेको यो चलचित्रले भदौ ३१ गते रिलिज भएको चलचित्र ' गाँठो र ड्राइभर दाई'लाई पानी भन्न दिएन । दुबै चलचित्रको व्यापार निकै कमजोर बन्यो भने दोश्रो सातामा पनि दीपकराज गिरी र दीपाश्रीको यो चलचित्र हेर्ने दर्शकको संख्या कम भएन ।

यो फिल्म चलेको तेश्रो सातामा चलचित्र 'झुम्की'हलमा लाग्यो । यो चलचित्रले राम्रो व्यापार गर्ने धेरैको अनुमान थियो । अपिल बिष्टको डेब्यू निर्देशनमा बनेको यो चलचित्रमा दयाहाङ राई, मलिना जोशी, रीश्मा गुरूङ जस्ता नाम चलेका कलाकार थिए। त्यसैले पनि यो चलचित्र चल्ने धेरैले अनुमान गरेका थिए। तर, यो चलचित्रलाई पनि चलचित्र 'छक्का पञ्जा'ले हल कब्जा गर्दा निकै असर गर्‍यो ।

त्यति मात्रै होईन १४ गतेबाट रिलिज भएका 'सफर'लगायतका केहि चलचित्रले पनि सोचेजस्तै व्यापार गर्न सकेनन् । कारण 'छक्का पञ्जा'हल बाहिरिएकै छैन् ।

एक साता आफ्नो होल्ड ओभरलाई कायम गरेको खण्डमा 'छक्का पञ्जा'ले दशैको बिदा पनि खाने पक्का छ । यसो भएको खण्डमा निर्माता छविराज ओझाको 'किस्मत २'लाई केही अप्ठ्यारो पर्न सक्छ । नेपालका अधिकांश निर्माता अरू निर्माताको चलचित्रको आयू एक साताका लागि मात्र तोक्छन् । तर, कुनै चलचित्र यस्ता पनि बन्छन्, जसले एक महिनासम्म हप्तैपिच्छे रिलिज हुने चलचित्रको आयू घटाइदिन्छन् ।

# शिवको उमंग

नायिका बिनिता बरालले अभिनय गरेको पछिल्लो चलचित्र 'परदेशीको उमंग' प्रदर्शनको संघारमा छ । उमंग कात्तिक १२ गतेबाट देश भर प्रदर्शन आउने भएको छ । चलचित्रलाई लामो समय नृत्य निर्देशन गरेका शिव शर्माले निर्देशन गरेका छन् । अर्जुन पोखरेलको शब्द तथा संगीत रहेको चलचित्रको गीत संगीतले पनि चर्चा पाइरहेको छ ।



अक्टुवर १५ बाट अष्ट्रेलियाको विभिन्न ठाँउमा समेत प्रदर्शन गरिने चलचित्रमा भारतीय गायक नाकाश अजिजको पार्श्व गायन रहेको छ । चलचित्रका निर्देशक शिव शर्माको कोरियोग्राफी रहेको यो गीतमा नायिका बिनिता बराल तथा नायक कुमार बिसीले आकर्षक नृत्य गरेका छन् ।

कुमार बिसीद्वारा निर्माण गरिएको यो चलचित्रमा बिनिता बराल, कुमार बिसी, सीपी पौडेल, रामबाबु रेग्मी, शिव शर्मा, शिला श्रेष्ठ, रमेश पोखरेल, वसन्त अधिकारी आदि कलाकारले अभिनय गरेका छन् । तिहारको पूर्व सन्ध्यामा प्रदर्शन हुने यो चलचित्रको अधिकांश छायाँकन दुबईमा गरिएको छ । 'परदेशीको पीडा कि त भोग्नेलाई थाहा हुन्छ कि चलचित्र परदेशीको उमंग हेर्न दर्शकलाई थाहा हुन्छ' भन्ने नारा बोकेको यो चलचित्रमा मनमा उमंग बोकेर विदेशिएको परदेशीको कथा व्यथा समेटिएको निर्देशक शिव शर्माको दावी छ ।

विजयादशमीको शुभकामना
बडादशैं २०७३ को
पावन अवसरमा देश विदेशमा रहनुहुने
देश विदेशमा रहनुहुने समस्त संगीतप्रेमी
नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा
हार्दिक मङ्गलमय शुभकामना ।




टीका प्रसाईं
गायिका

विजयादशमीको शुभकामना
विजयादशमी २०७३ को
पावन अवसरमा देशविदेशमा
रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।




दुर्गा परियार
गायिका

बडादशैं २०७३ को
पावन अवसरमा देशविदेशमा रहनुहुने
सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।
दीपक शर्मा
संगीतकार/गीतकार

विजयादशमी २०७३ को
पावन अवसरमा देशविदेशमा रहनुहुने
सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
सन्तोष श्रेष्ठ
संगीतकार
गोल्डेन क्रियशन परिवार
साधनाकुन्ज, काठमाडौं

बडादशैं २०७३ को
पावन अवसरमा देशविदेशमा रहनुहुने
सम्पूर्ण नेपाली दाजुभाइ तथा
दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।
कृष्ण काफ्ले
गायक/संगीतकार



# संगीतको सागरमा आनन्दित जीवन बाँचिरहेको छु

## मनोजराज शिवाकोटी, गायक

मनोजराज शिवाकोटी नेपाली गीतसंगीतको क्षेत्रमा एउटा चर्चित गायक हुनुहुन्छ । उदयपुर जिल्लाको रिस्कु गाबिसमा बुबा मन्दिर शिवाकोटी र आमा मन्जु सिवाकोटीको जेठो छोरा हुनुहुन्छ गायक मनोजराज । नेपाली सांगीतिक क्षेत्रमा दर्जनौं गीतमा स्वर दिइसकेका मनोजराज आधुनिक गीतगजलको क्षेत्रमा उच्चकोटीका गायकका रुपमा चिनिन्छन् । शास्त्रीय संगीतमा समेत दख्खल राख्ने मनोजराज आफूलाई सिक्दै गरेको संगीतको विद्यार्थी बताउँदै आउनु भए पनि यतिबेला धेरैलाई संगीत शिक्षा दिँदै आइरहनुभएको छ । हिट्स एफएम म्युजिक अवार्ड, म्युजिक खबर अवार्ड, इमेज अवार्ड, क्यापिटल नेशनल अवार्ड, राप्ती समाज सम्मान जस्ता दर्जनौं अवार्ड, सम्मान र पुरस्कार प्राप्त गरिसक्नुभएका गायक **मनोजराज**सँग म्यूजिक खबरका लागि सम्पादक **सविता पोखरेल**ले लिनुभएको अन्तरवार्ताको अंशः

***आजभोली के गर्दै हुनुहुन्छ ?***

हाम्रो जीवन नै संगीतमय छ, गीतसंगीतमै जीवन गुजारिरहेको छ । दशैं नजिकिँदै गर्दा दशैं विशेष गीत सार्वजनिक गरेँ र त्यसकै प्रचार प्रसारमा लागिरहेको छु ।

***मनोजराज राम्रो गायक तर घमण्डी छ भन्ने सुनिन्छ के सत्य हो ?***

हरे ! कहाँ सुन्नुभो ? म नरिवल जस्तो छु नभेट्दा साह्रो भेटेपछि नरम छु । खै, म त त्यस्तो छैन ! मनमिल्दा आन्द्रा गाँसिने मान्छे हुँ नचिनेकोसँग चाहिँ अलिक रिजर्भ नै हुन्छु । अनि अनावश्यक चाकडी जान्दिनँ सायद त्यही भएर होला घमण्डी भनेका ।

***तपाईंले अरुको एल्बममा धेरै गाउनु भयो है आफ्नो चाहिँ बजारमा किन ल्याउनु हुन्न ?***

वास्तवमा हामी प्रोफेशनल गाउने मान्छेको अलि यस्तै हुने हो क्या हो ? आफ्नो आउन अलि समय लाग्ने । म अझ अलि आफ्नो काममा अल्छी गर्ने मान्छे परें । अब अलि चाँडो गर्छु यो एल्बम पनि । भर्खरै दशैं विशेष गीत भाइब्सबाट बाहिर ल्याएको छु । अर्को एउटा चट्पटे गजल लोक लयमा ल्याउन आँटेको छु तर यो अहिले रिलिज भएको गीतबाट भने धेरै आशावादी छु । अब भने मनोजराज एकदम वियोगान्त गीत गाउने मात्र नभई रमाइलो गीत पनि गाउने गाएको हो भन्ने बनाउन चाहन्छु ।

***त्यसमा व्यक्तिगत जीवनको भोगाईको कारणले हो कि ?***

हैन ! नेपालीहरू वियोगान्त गीत नै बढी रूचाउने गर्छन् । म अलि छिट्टै कथाको पात्र सोच्न्छु अरूबाट, तर सबै गायक गायिकाले ८० प्रतिशत वियोगान्त गीत गाएका छन् ।

***जीवन के हो ?***

जीवन संवेदना सम्भावना कर्तव्य र निरन्तरताको अनुभव हो ।

***पछिल्लो समयमा गीत सदाबहार बन्न सकिरहेका छैनन् नि ?***

अहिले गीत सुन्ने भन्दा हेर्ने भयो । जसले गर्दा शब्द गहकिला भन्दा रमाइला हुन थाले । मन छुने भन्दा दिमाग नचाउने हुन थाले । जमाना फास्ट भयो भनौं न त्यसैले सदाबहार बन्ने गीत नै सिर्जना हुन छाड्यो ।

***भनेपछि गीत कर्णप्रिय बनाउन भन्दा पनि हेर्न योग्य बनाउन जरुरी भयो ?***

होइन, गीत भनेको सुन्नकै लागि हो । त्यो कर्णप्रिय हुनै पर्छ भन्ने म मान्दछु । तर अब प्रस्तुति श्रव्यमा मात्र नभइ दृश्यमा नदेखाए श्रोता दर्शकले पनि त्यति चासो दिन छाडेको हो की भन्ने अनुभव छ । अवश्य पनि शब्द गीतको मेरूदण्ड नै हो भने संगीत त्यसको प्राण अनि स्वर त्यसको पहिचान यी तिनै कुरा मिले भने गीत कर्णप्रिय बन्छ ।

***अहिलेको सांगीतिक क्षेत्र कस्तो पाउनु भएको छ ?***

डिजिटल र फास्ट भएको छ । अहिलेको समाज जस्तो विकृतिले चाँडै प्रवेश पाइहाल्ने । अदृष्य बजार जुन प्रविधी जानेकाले मात्रै सफल उपयोग गर्न पाउने । तर एकदमै सुलभसँग फैलाउन सकिने छ ।

***जीवन तथा संगीत प्रति गुनासो छ कि छैन र ?***

म सकारात्मक सोंच राख्ने आशावादी मान्छे भएकोले जीवनमा जतिसुकै अप्ठ्यारो र जस्तोसुकै खुशी आए पनि एकसमान हुने स्वाभावको भएकोले जीवनप्रति म सन्तुष्ट छु । कुनै गुनासो थिएन, छैन र हुने पनि छैन । रह्यो संगीतको कुरा, म गायक मात्र नभै आफूलाई सांगीतिक प्राणी भन्न रूचाउँछु । त्यही भएर संगीतप्रति कुनै गुनासो आउने ठाउँ नै भएन । बरू म संगीतको सागरमा आनन्दित जीवन बाँचिरहेको छु भनौं ।

***मनपर्ने समकालिन गायक ?***

स्वरूपराज आचार्य मनपर्ने समकालीन गायक हो । अनि अर्को मनपर्ने समकालीन गायकमा जगदिश समाल पनि हो ।

***कसलाई आफ्नो प्रतिस्पर्धी ठान्नुहुन्छ ?***

म स्पर्धा भन्दा साधनालाई महत्व दिने मान्छे भएकोले सबैलाई सम्मान गर्छु । कुरै गर्ने हो भने मेरो स्पर्धा मैसंग हुन्छ अझ आफूलाई केही परिस्कृत गर्ने कुरामा हुन्छ ।

***अहिलेको मनपर्ने गायिका ?***

मनपर्ने गायिका अन्जु पन्त नै हो । नयाँमा बानिका प्रधान र मेलिना राई मन पर्छ ।

***संगीतमा लागे पछिको अविष्मरणिय क्षण ?***

संगीतमा लागेपछिको अविस्मरणीय क्षणमा हालसालै मैले मलाई असाध्य मनपर्ने मैले सम्मान गर्ने मेरो आइडल संगीतज्ञ संगीत सम्राट गोपाल योन्जनको रेकर्ड नभएका पाँच गीत गाउने मौका पाएँ । दुई गीत रेकर्ड भइसके तीन गीत हुन बाँकी छन् । यो नै मेरो लागि अविस्मरणीय क्षण हो ।

***अन्त्यमा ?***

अन्त्यमा मलाई श्रोता सामु पुर्‍याउने सम्पूर्ण मिडियालाई स-सम्मान धन्यवाद । मेरा सम्पूर्ण शुभचिन्तक र श्रोतालाई म्युजिक खबरको पहिलो अंकमा नै मलाई उपयुक्त ठानेर स्थान दिनुभयो, जसका लागि म्यूजिक खबरलाई हार्दिक आभार प्रकट गर्दछु । यसै मिडियाबाट विजयादशमी र दीपावलीको हार्दिक मङ्लमय शुभकामना । हजुरहरूको माया यसै गरी अनवरत पाईरहुँ, धन्यवाद ।



बडादशैं २०७३ को
पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।
सविन घिसिङ
गायक/संगीतकार/गीतकार

विजयादशमी २०७३ को
पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
शिव वि.क.
निर्देशक एवं
फोर एस मिडिया
पुतलीसडक, काठमाडौं

बडादशैं २०७३ को
पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछु ।
गणेश गुरुङ
गायक/संगीतकार

# समाचार

## विधिवत रुपमा सुरु भयो संगीत प्रतिष्ठान



धरान । स्थानीय स्तरबाट संगीत क्षेत्रमा योगदान पर्‍याउदै आएको संगीत प्रतिष्ठान धरानको धरानमा विधिवत रूपमा उद्घाटन भएको छ । विगत तीन बर्षदेखि सञ्चालनमा आएपनि व्यवसायिक हुन नसकेको प्रतिष्ठानले संगीतको मार्फतबाट धरानलाई चिनाउनकै लागि प्रतिष्ठान खोलिएको बताइएको छ । प्रतिष्ठानको उद्घाटन बराह ज्वेलरी इण्डष्ट्रिज प्रा.लि.का अध्यक्ष एवम् कृपा डिजिटलका प्रमुख शिव लामिछानेले गरेका थिए । गायक लामिछानेले संगीत मानिसको लागि जीवन पर्यन्तको साथी भएको बताए । उनले विगतदेखि नै सांगीतिक क्षेत्रमा धरान अगाडि रहेको बताउँदै यस प्रतिष्ठानको उद्घाटन पश्चात धरानले सांगीतिक क्षेत्रमा अझ फड्को मार्ने बताए । धरान ९ पुतली लाइनमा खोलिएको सो प्रतिष्ठानमा गायन, भाइलन, वेस गिटार, किवोर्डको प्रशिक्षण दिने गरेको प्रतिष्ठानका अध्यक्ष मच्छेन लिम्बुले जानकारी दिए ।

## टीकागोपाल संगीत छात्रवृत्तिको घोषणा

गायक कन्हैया सिंह र गायिका अन्जना गुरूङले आफ्नै टीकागोपाल डिजिटल एम. क्रियशन प्रा.लि.ले गीतसंगीतको क्षेत्रमा आउनका लागि आर्थिक अवस्था कमजोर भएका प्रतिभाहरूलाई अगाडि ल्याउनका लागि टीकागोपाल संगीत छात्रवृत्तिको घोषणा गरेका छन् । कन्हैया सिंहका मातापिता टीकागोपालको नाममा संचालित म्यूजिक कम्पनीका तर्फबाट संगीत छात्रवृत्ति वर्षमा दुईजनालाई प्रदान गरिने बताइएको छ । एकजना केटा र एकजना केटीलाई वर्षमा संगीत अध्ययन गर्नका लागि टीकागोपाल स्मृति कोषबाट रकम प्रदान गर्ने टीकागोपाल डिजिटल एम क्रियशनका प्रबन्ध निर्देशक कन्हैया सिंहले कार्यक्रममा जानकारी दिए । वर्षमा दुईजनालाई छात्रवृत्ति प्रदान गर्नका लागि सिंहले कम्पनीको व्यवस्थापक गीता परियारको संयोजकत्वमा संगीतकार सन्तोष श्रेष्ठ र पत्रकार सुमन बैरागी निर्णायक रहने गरी समिति गठन गरेका छन् ।

## युनानाको नेपाल र कतार मैत्री मञ्चमा सन्तोष र मंगल





युनाइटेड नेप्लिज आर्टिष्ट एसोसिएसन उत्तर अमेरिका (युनाना)को युनाना–नेपाल कलाकार मैत्री मञ्च संयोजकमा संगीतकार सन्तोष श्रेष्ठलाई चयन गरिएको छ भने युनाना–कतार नेपाली कलाकार मैत्री मञ्चको संयोजकमा गायक मंगल वि.क.लाई चयन गरिएको छ ।

युनानाका अध्यक्ष कन्हैया सिंह र सदस्य अन्जना गुरूङको उपस्थितिमा भएको एक कार्यक्रमकाबीच संगीतकार श्रेष्ठ र गायक वि.क.लाई संयोजकको जिम्मेवारी दिइएको हो । युनानाले केहीसमयअघि मात्र युनाना–युके नेपाली कलाकार मैत्री मञ्चको जिम्मेवारी प्रदीप सिंहलाई दिएको थियो । विश्वभरि छरिएर रहेका नेपाली कलाकारहरूसँग सांस्कृतिक सम्बन्ध गाँस्दै नेपाली गीतसंगीत, चलचित्र, कला, साहित्यलाई विश्वव्यापीकरण गर्ने उद्देश्यका साथ स्थापना भएको संस्था युनानाले सम्भव भएसम्मका विश्वका सबै देशमा मैत्री मञ्च स्थापना गर्ने लक्ष्य लिएको अध्यक्ष कन्हैया सिंहले कार्यक्रममा बताए ।

# ‘सांगीतिक क्षेत्र नै राम्रो रहेछ’

मानिसको पहिलो यात्रा भनेकै लोकदोहोरी हो वा लोकगीत हो । किनकी लोकगीत भनेको गाउँघरमा गाइने गीत वा लोकले गाउने गीत हो । लोकगीत भनेको वास्तवमा भन्ने हो भने मदरटङ्का रूपमा लिइने गरिन्छ । धेरै गायक गायिकाहरू आफूलाई लोकगीतबाट गायन प्रवेश गरेको भन्न पछि पर्छन तर त्यही लोकदोहोरीमा भने स्वर दिइरहेका हुन्छन् । तर गायक सविन घिसिङ भने आफूलाई लोकदोहोरीबाट गायनयात्रा सुरू गरेको भन्न पछि पर्दैनन् । उनी भन्छन् मैले पहिला गाएकै गीत लोकदोहोरी भने किन होइन भनेर ढाँट्नु । हुन गायक सविन घिसिङ यतिबेला भने पप, आधुनिक फ्लेबरका गीतहरू गाउन, संगीत भर्न र लेख्नमै व्यस्त देखिन्छन् । तर पनि उनले २०६२ सालबाट लोकदोहोरी गीत परैं तिम्रै भरबाट सांगीतिक यात्रा सुरू गरेका हुन् ।

सानैदेखि सांगीतिक क्षेत्रमा लाग्ने सोच बोकेका गायक घिसिङले रेडियोले गीत गाउँदै गर्दा यसरी नै गीत गाउन पाए कस्तो हुन्थ्यो होला भन्ने कुरा मनमा साँच्ने गर्थे । माकादुम १ रामेछापमा जन्मिएका घिसिङ जब परिवारसँगै खयरमारा ५, महोत्तरीतर्फ बसाइँ सराइँ गरे तब उनलाई झन् गाउँको त्यो लोकगीतले उनलाई त्यत्तिकै बस्ने दिएन । सुरूमा त राजनीतिमा लाग्ने र ठूलो मान्छे बन्ने भन्ने सोच पनि उनीभित्र पलाएको थियो तर मान्छेको जीवनमा भनेजस्तो कहीँ पनि हुँदैन भन्नेमा पनि उनी विश्वास गर्छन् । उनी गायक जीवन शर्माको गीतबाट प्रेरित भएर गायनमा लागेका थिए । त्यसैले पनि पार्टीभित्रको सांस्कृतिक विभागमा लागेर राजनीतिमा चिनिन्छु भन्ने सोच पालेर हिंडे पनि अन्नतः राजनीति भन्दा सांगीतिक क्षेत्र नै राम्रो रहेछ भनेर गायनलाई नै आत्मसात गरे ।

थापी देउ न हात कमल खत्रीको स्वरमा रहेको यो गीतको संगीत भने सविन घिसिङले गरेका थिए । यो गीतले पनि राम्रै चर्चा पाएपछि गायक सविन घिसिङ सांगीतिक क्षेत्रमा लागेको सार्थकता पहिल्याउन झन् दौडिरहे । उठौं जुटौं हे युवा बोलको गीत जब भुकम्प गयो अनि उनले गायिका माण्डवी त्रिपाठीसँगै गाए । यसले पनि उनको सांगीतिक छविलाई उज्यालोतर्फ मोड्यो । एक दर्जन गीतमा स्वर दिइसकेका गायक घिसिङले आधुनिक, पप, लोक गरेर करिब २ दर्जन गीतमा संगीत एवं शब्द रचना सिर्जना गरिसकेका छन् । उनले शब्द संगीत गरेको गीत भेट्ने मन छ तिमीलाई बोलको गीतमा सिद्धार्थ घिसिङ र अंकिता तामाङले स्वर दिएका छन् । यस गीतमा गायक सविन घिसिङले आरएनबी पप संगीत सिर्जना गरेका छन् । त्यस्तै गायक घिसिङले विपिन आचार्यको संगीत रहेको नीर घिसिङको निर्देशनमा बनेको चलचित्र तिमी नै छौ मेरो मनमा पनि शीर्ष गीतमा पार्श्व स्वर दिएका छन् । यतिखेर मूलधारको संगीतबाट आफूलाई गीतसंगीतमा चिनाउने लक्ष्य छ, गायक घिसिङले भने सांगीतिक दुनियाँ निकै फराकिलो छ, यसमा नै रम्न जाने अर्को संसार खोज्न पर्दैन ।




विजयादशमी २०७३ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अडियो भिडियो उत्पादन तथा बजार व्यवस्थापन चलचित्र निर्माण

गायत्री थापा
गायिका/गीतकार
शिवदर्शन फिल्म्स प्रा.लि.

बडादशैं २०७३ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

रमेशराज भट्टराई
गायक/संगीतकार/गीतकार

विजयादशमी २०७३ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सनम कठायत
मोडल एवं सञ्चारकर्मी

बडादशैं २०७३ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विकास चौधरी
संगीतकार
शान्ति इन्टरटेनमेन्ट संगीत पाठशाला

# मादलले धानेको जिन्दगी

**भुसालले काठमाडौंमा धेरैले खाली पेट जागिरको खोजीमा गल्ली चाहरेको अवस्था र काम नपाएको अवस्थामा निराश भएर बस्नुपर्ने क्षण भोगेका छन् । मेरो जीवनकै लागि नबिर्सने नाम वीरेन्द्र हमाल, अर्जुन बिसी, चन्द्र शर्मा, दुर्गा रायमाझी हुनुहुन्छ, मेरो पथप्रदर्शक र आदर्श व्यक्तित्व हुनुहुन्छ ।**

■ सविता पोखरेल

ईश्वरीप्रसाद भुसाल कलाकारिताको क्षेत्रमा परिचित नाम हो अर्थात् वाद्यवादनमा उनको नामलाई नचिन्ने कमै होलान् । सानैदेखि गाउँको पूजाआजामा भजन, कीर्तन, आरती, नाटक, सांस्कृतिक कार्यक्रमहरूमा खैजडी बजाउने, मादल बजाउने, गाउने नाच्ने गर्दै आएका कलाकार भुसालले जीवनलाई नै मादलभित्र समाहित गरिरहेका छन् । हुन त उनीसँग गाउने, नाच्ने प्रतिभा पनि छ तर त्योभन्दा पनि उनलाई चिनाउने भनेकै मादल हो । २०३८ सालमा नवलपरासीको प्रगतिनगर ४ भगवती टोलमा जन्मिएका भुसालको पुर्ख्यौल 'भिने पर्वत हो । भुसालले पहिलोपटक बजाएको बाजा खैजडी हो । त्यसपछि उनले मुजुरा हुँदै मादलतर्फ प्रवेश गरे । भजनकीर्तन, सप्ताह होस् गाउँको कुनै पनि सांस्कृतिक कार्यक्रम भुसाल मादल बोकेर हिंडिहाल्थे । त्यो त २०५१ सालको मध्यवधि निर्वाचनमा नवलपरासी क्षेत्र १ मा घाँटीमा मादल बोकेर पुरै क्षेत्रमा मादल बजाउँदै हिंड्दा उनको उपनाम नै 'फुच्चे मादले' भएको थियो ।

फुच्चे मादल अर्थात् ईश्वरीप्रसाद भुसाल स्कुले जीवनमा पनि रमाइला थिए । गीतसंगीत भनेपछि हुरूक्कै हुने भुसाल स्कुलस्तरमा हुने प्राय सबै कार्यक्रमहरूमा सहभागी हुन्थे । जुनियर रेडक्रस, बाल अधिकार मन्च, जागृति बाल क्लब, बालचेतना समूह, सिविन नेपालजस्ता करिब डेढ दर्जन संस्थाहरूमा सक्रिय रहँदै आफ्नो जिम्मेवारी पूरा गर्दै माध्यमिक तहको पढाइ पूरा गरेका भुसालले जिल्लामा हुने विभिन्न प्रतियोगितामासमेत आफ्नो बलियो उपस्थिति जनाउने गर्थे ।

एसएलसी पास गरेपछि २०५६ सालमा सप्तगण्डकी क्याम्पस भरतपुरमा हुने विभिन्न सांस्कृतिक कार्यक्रममा मादल र नृत्यमा उनी बढी सक्रिय हुने गर्थे । विशेषगरी नारायण कला मन्दिरको कार्यक्रममा उनको सहभागिता बढी नै रहन्थ्यो । त्यसबखत भरतपुरमा खुलेको सिनर्जी एफएम र बेसो टीभीमा पनि कार्यक्रममा वाद्यवादकको रूपमा धेरै नै काम गरिसकेका छन् भुसालले ।

विगत सम्झिँदै भुसाल भन्छन् – जिन्दगीमा अहिलेको स्थान आकाश र पातलको फरक छ भन्ने लाग्छ । २०५९ साल बर्खाको रोपाईं सकेर गीतसंगीतकै क्षेत्रमा केही गर्छु भनेर काठमाडौं छिरेको दिन कसैलाई नचिन्दा र आफ्नो मान्छे नहुँदा पाएको दुःख अहिलेजस्तै लाग्छ । हो काठमाडौंमा धेरैले खाली पेट जागिरको खोजीमा गल्ली चाहरेको अवस्था र काम नपाएको अवस्थामा निराश भएर बस्नुपर्ने क्षण भोगेका छन् । त्यो भोगाइभित्र कलाकार भुसाल पनि पर्दछन् । काठमाडौंमा काम नपाएपछि दशैंतिहार मान्न गाउँ फर्केका भुसाल अन्ततः काठमाडौंमै छिरेर आफूलाई एउटा वाद्यवादकको परिचयमा स्थापित गर्न सफल भएका छन् ।

राष्ट्रिय नाचघरका अभिनय प्रशिक्षक एवं रंगकर्मी वीरेन्द्र हमालको सहयोगमा हमालकै कल्चर एमआर थियटरका नृत्य प्रशिक्षक अर्जुन बिसीमार्फत् बौद्ध टुसालस्थित लेकबेसी दोहोरी साँझमा वाद्यवादन सहयोगीका रूपमा प्रवेश गर्ने मौका मिलेको थियो । त्यतिबेला एक छाक खानाको भरमा दुई महिना निःशुल्क काम गरेको अनुभव छ भुसालसँग । दोहोरी साँझमा वाद्यवादकको कुनै टिप्स आउँदैनथ्यो । गाउनेहरूले टिप्स लैजान्थे तर हामी पर्दा पछाडिका मादल बजाउनेहरूका लागि ठूलो चुनौति थियो टिप्स पाउन । त्यसो त हामी मादलेहरूले गायक गायिकाहरूले भैं माया पनि पाइँदैनथ्यो, भुसालले अनुभव सुनाए ।

२०५९ को अन्तिममा सांस्कृतिक संस्थान राष्ट्रिय नाचघरमा सरकारी प्रशिक्षणमा भाग लिँदा नाम निस्केपछि जीवनमै पहिलो पटक संगीतसम्बन्धी प्रशिक्षण लिन पाएका थिए भुसालले । ६ महिले निःशुल्क बाद्यवादन विधामा प्रशिक्षण लिएपछि त्यही शिक्षाबाट आफूले साथीसंगी, इष्टमित्र आदि बनाउन सफल भएको बताउँछन् उनी ।

त्यसैबखत राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानका चन्द्र शर्मासँग भेट हुने अवसर मिल्यो । उहाँको संगीतमा मैले दोहोरी गीत प्रतिष्ठानको केन्द्रमा कार्यालय सचिवको जागिर पाएँ । तत्कालिन अध्यक्ष प्रजापति पराजुली हुनुहुन्थ्यो, त्यही कार्यालयमा जागिर गर्दै लेकबेसी दोहोरी साँझमा काम गरेर आएको रकमबाट आफ्नो क्यारिअर सुरु गरेको हुँ, भुसालले अतित सम्झाए । त्यसैगरी संस्थाको महाधिवेशनले दुर्गा रायमाझीको नेतृत्व पाएपछि पुनः मेरो जागिरले निरन्तरता पायो जसबाट मेरो वाद्यवादनको करिअरले अगाडि बढ्ने मौका मिल्यो । त्यसैले मेरो जीवनकै लागि नबिर्सने नाम वीरेन्द्र हमाल, अर्जुन बिसी, चन्द्र शर्मा, दुर्गा रायमाझी हुनुहुन्छ, मेरो पथप्रदर्शक र आदर्श व्यक्तित्व हुनुहुन्छ, भुसालले भने ।

तत्कालिन अध्यक्ष दुर्गा रायमाझीले २०६२ असोजमा काठमाडौंमा रहेका लोकदोहोरी कलाकारहरूलाई एकै छातामुनी समेट्दै उपत्यका समन्वय समिति गठन गरेपछि म पनि संस्थापक सदस्य बन्ने मौका मिलेको थियो । समन्वयको स्थापनादेखि सदस्य, सहकोषाध्यक्ष, कोषाध्यक्ष हुँदै हाल राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको केन्द्रीय सदस्यसम्मको यात्रा गरिसकेका भुसालले विभिन्न सांस्कृतिक कार्यक्रम, दोहोरी प्रतियोगितामा वाद्यवादन संयोजकको भूमिका निर्वाह गरिसकेका छन् । प्रयाग संगीत समूह इलाहवाद भारतबाट तबला वादनमा डिप्लोमासम्मको अध्ययन गरिसकेका भुसालले ललितकला क्याम्पसमा बीएफए सम्मको अध्ययन गरिसको छन् । लोक, आधुनिक र शास्त्रीय विधामा नै क्रियाशील रहँदै आएका भुसालले दर्जनभन्दा बढी गीतमा नृत्य गरेका छन्, गीत गाएका छन् । हाल इमेज टेलिभिजन एवं इमेज एफएममा वाद्यवादक संयोजकको रूपमा काम गरिरहेका भुसाल प्रस्तोता समाजको सदस्य, वाद्यवादक संघको सदस्यका रूपमा क्रियशील छन् । त्यस्तै लेकबेसी, गाउँवेशी दोहोरी हुँदै हाल ललितपुर रोधी क्लबममा कार्यरत छन् ।




शुभ-कामना

विजयादशमी २०७३ को समस्त गायक, गायिका, संगीतकार, गीतकार, निर्देशक, मोडल, संगीतकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना । साथै गीतसंगीत क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको "म्यूजिक खबर" पाक्षिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

सज्जन हमाल
प्रबन्ध निर्देशक *तथा*
हमाल म्यूजिक, परिवार

शुभ-कामना

विजयादशमी २०७३ को समस्त गायक, गायिका, संगीतकार, गीतकार, संगीतकर्मी लगायत नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना । साथै गीतसंगीत क्षेत्रलाई लक्षित गर्दै प्रकाशित भएको "म्यूजिक खबर" पाक्षिक पत्रिकाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

मन्जु पौडेल
गायिका

# हार्दिक बधाई एवं शुभकामना



नेपाली लोक गीतसंगीतको छाता संगठन राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको केन्द्रीय समितिको छैठौं महाधिवेशनबाट गायक बद्री पंगेनीको नेतृत्वमा आएको नयाँ कार्यसमितिले रचनात्मक भूमिका खेल्दै गीतसंगीतको क्षेत्रमा प्रतिनिधित्व गर्दै अगाडि बढोस् । सम्पूर्ण कार्यसमितिलाई हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना ।

साथै विजया दशमी २०७३ को पावन अवसरमा हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।

पीएन सापकोटा, अध्यक्ष
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल
उपत्यका समन्वय समिति

चन्द्र शर्मा, निवर्तमान अध्यक्ष
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल
केन्द्रीय कार्यसमिति

# हार्दिक बधाई



चर्चित गायक राजन ठकुरीज्यू
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान,केन्द्रीय कार्यसमितिको छैठौ महाधिवेशनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

बाग्लुङ कालिका दोहोरी साँझ, परिवार
मित्रनगर, नयाँ बसपार्क

# हार्दिक बधाई



चर्चित निर्देशक एवं मोडल शंकर बिसीज्यू
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान केन्द्रीय कार्यसमितिको छैठौ महाधिवेशनबाट केन्द्रीय सचिव पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

कृष्ण फिल्म्स एण्ड एडभरटाइजिङ
घन्टाघर, काठमाडौं

# हार्दिक बधाई



हाम्रा अनन्य मित्र श्री सुवास केसीज्यू
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको छैठौं महाधिवेशनबाट केन्द्रिय महासचिव पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

सन्तोष कुँवर
गौमुखी गेष्ट हाउस
बेली ड्रिम रेष्टुरेन्ट एण्ड पानको पात रोधीघर
नयाँबसपार्क, काठमाडौं

# हार्दिक शुभकामना

विजयादशमी २०७३ को पावन अवसरमा देश विदेशमा रहनुभएका समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।



पूजा न्यौपाने
गायिका

# हार्दिक बधाई



लोकदोहोरी गायिका जानकी तारमी मगरज्यू
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान,केन्द्रीय कार्यसमितिको छैठौ महाधिवेशनबाट केन्द्रीय सदस्य पदमा निर्वाचित हुनुभएकोमा हार्दिक बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

राधिका अधिकारी
पत्रकार

# बडादशैंको २०७३ शुभकामना



बडादशैं २०७३ को पावन अवसरमा देशविदेशमा रहनुहुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

साथै गीतसंगीत क्षेत्रलाई लक्षित गरेर प्रकाशनमा आएको म्यूजिक खबर पाक्षिकको निरन्तर सफलताको कामना गर्दछु ।

सुदीप सागर
संगीत संयोजक

# हार्दिक बधाई तथा शुभकामना



राप्तीकी चेली,नेपालको गौरव बहुप्रतिभाकी धनी चर्चित गायिका राधिका हमालज्यू राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिस्ठान नेपालको छैठौं महाधिवेशनबाट सचिव जस्तो गरिमामय पदमा निर्विरोध विजयी हुनु भएकोमा हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना ।

खबपु चञ्चल मगर, अध्यक्ष
राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल
जिल्ला कार्यसमिति रोल्पा

म्यूजिक खबर पाक्षिकका लागि प्रकाशक/सम्पादकः सविता पोखरेल, प्रधानसम्पादकः सुमन बैरागी कार्यालयः पुतलीसडक, काठमाडौं । फोनः ०१-४०१०५४५,
इमेलः musickhabar.com@gmail.com वेभः www.musickhabar.com मुद्रणः गौरीशंकर प्रिन्टिङ प्रेस एण्ड पब्लिकेशन, बागबजार काठमाडौं